# नरैनापुर गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# वन,वातावरण तथा विपद् व्यवस्थापन शाखा
# नरैनापुर, बाँके

## विपद् घटना सम्बन्धि त्रैमासिक प्रतिवेदन

आ.ब.२०८२|०८३

प्रस्तुतकर्ता

बच्छराज विश्वकर्मा

स्थानिय आपत्तकालिन कार्य सन्चालन केन्द्र नरैनापुर

## पृष्ठभुमि :

नरैनापुर गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बाँके जिल्लामा रहेको छ । नरैनापुर गाउँपालिकाको स्थापना साविकका कटकुइया, लक्ष्मणपुर, कालाफाँटा, नरैनापुर, मटेहिया र गंगापुर गा.वि.स. समावेश गरीएको छ । यस गाउँपालिकामा हाल ६ वटा वडाहरू कायम गरिएको छ । तराई र चुरे क्षेत्रको सङ्गममा रहेको यस गाउँपालिकामा कृषि, व्यापार, प्राकृतिक स्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन्। औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य स्रोत व्यापार,उद्योग, साथै विकल्पमा नोकरी साथै वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश हुलाकी बाटो निर्माण, बिधुतिकरण पश्चात आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। यस गाउँपालिकामा आधारभूत तहदेखि माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालय जम्मा २१ वटा र मदरसाजम्मा ३८ वटा गरी जम्मा ५९ शैक्षिक संस्थाहरू रहेका छन्। अधिकांश घरमा विद्युतीकरण नभएकोले यहाँका नागरिक विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाब, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन ।

विश्वव्यापी रुपमा विभिन्न प्रकोपहरुबाट विपद् घटनाहरु वुद्धि भई धेरै जनधनको क्षति भैरहेको सन्दर्भम विपद् व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी कार्यहरु भैरहेको छ । नेपालले पनि प्राकृतिक तथा मानवजन्य प्रकोपहरुको प्रभावहरुलाई न्यूनीकरण गर्ने उद्देश्यलाई प्राथमिकतामा राखेको छ । कमजोर भौगोलिक बनावट, मौसमी घटनाहरु, तीब्र जनसंख्या बुद्धि, अव्यवस्थित बसाई तथा बिकास गतिविधिहरुका कारणले नेपाल प्राकृतिक प्रकोपहरुको उच्च जोखिममा रहेको छ ।

## नरैनापुर गाँउपालिकाको भौगोलिक विवरण बिभाजनः

**जनसंख्या** : ४३२०६
**क्षेत्रफल** : १७२.३४ वर्ग कि.मी.
**केन्द्र** : नरैनापुर गाउँपालिकाको कार्यापालिका कार्यालय नरैनापुर ४
**वडा संख्या** : ६ (१ कटकुइया २ लक्ष्मणपुर ३ कालाफँाटा ४ नरैनापुर, ५ मटेहिया र ६ गंगापुर)

**सीमाना :**

**पूर्व** : भारतको श्रावस्ती जिल्ला
**पश्चिम** : डुडुवा र राप्तीसोनारी गाउँपालिका
**उत्तर** : राप्तीसोनारी गाउँपालिका
**दक्षिण** : भारतको श्रावस्ती जिल्ला

## नरैनापुर गाउँपालिकाकाको जनसंख्या विवरण

| वडा नं. | जम्मा टोल वस्ती | घरधुरी संख्या | जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | परुष | जम्मा |
| १ | | १३६९ | ३४८१ | ३६३० | ७१११ |
| २ | | १३९० | ३६०९ | ३४२४ | ७०३३ |
| ३ | | १०२८ | २७७० | २९२७ | ५६९७ |
| ४ | | १२५५ | ३१०८ | ३२१९ | ६३२७ |
| ५ | | १८०५ | ४६१० | ४६७९ | ९२८९ |
| ६ | | १६४१ | ३८९६ | ३८५३ | ७७४९ |
| **जम्मा** | | **८,४८८** | **२१,४७४** | **२१,७३२** | **४३,२०६** |

श्रोत: राष्ट्रिय जनगणना २०७८

# नरैनापुर गाउँपालिकाको विपद् घटनाका प्रकार

- आगलागी
- बाढी
- हावाहुरी
- भारी वर्षा
- डुवान
- खडेरी
- शितलहर
- महामारी
- सडक दुर्घटना

## गाउँपालिका स्तरिया प्रकोपको वर्गीकरण

| प्रकोप | बाढी | आगलागी | हुरीबतास | महामारी | सडक दुर्घटना | शितलहर | असिनापानी |
|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| आगलागी | | | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी |
| हुरीबतास | | | | हुरीबतास | हुरीबतास | हुरीबतास | हुरीबतास |
| महामारी | | | | | महामारी | शितलहर | महामारी |
| सडक दुर्घटना | | | | | | शितलहर | सडक दुर्घटना |
| शितलहर | | | | | | | शितलहर |
| असिनापानी | | | | | | | |
| जम्मा अङ्क | ६ | ५ | ४ | ३ | १ | ३ | ० |
| स्तर | १ | २ | ३ | ४ | ५ | ४ | ६ |

## गाउँपालिकाको वडागत विपद् जोखिम विश्लेषण

| साविकको क्षेत्र | सम्भावित विपद्को प्रकार | | | | | | जम्मा | संकटासन्नताको स्तर |
|---|---|---|---|---|---|---|---|---|
| | बाढी | आगलागी | शितलहर | हुरीवतास | महामारी | सडक दुर्घटना | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गंगापुर | | | | | | | | १३ | उच्च |
| मटेहिया | | | | | | | | १२ | मध्यम |
| नरैनापुर | | | | | | | | १० | न्यून |
| कालाफाँटा | | | | | | | | १० | न्यून |
| लक्ष्मणपुर | | | | | | | | १० | न्यून |
| कटकुइया | | | | | | | | १० | न्यून |

## संकटासन्नता वर्गिकरण

| वडा नं | मानविय क्षति | प्रभावित परिवार | घरको क्षति | आर्थिक क्षति | खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति | सामाजिक क्षति | विगतमा भएका विपद्का घटनाक्रम | बालि लगाउने वा भित्राउने समयमा आएको परिवर्तन | तापक्रममा आएको परिवर्तन | जोखिमले भविश्यमा पार्न सक्ने असर | स्रोतको उपलब्धता तथा पहुँच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि | जम्मा | संकटासन्नता अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | २ | २ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३३ | मध्यम |
| २ | १ | २ | २ | ३ | ३ | २ | २ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३२ | मध्यम |
| ३ | २ | १ | १ | २ | २ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३० | मध्यम |
| ४ | ३ | २ | २ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३५ | मध्यम |
| ५ | ५ | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | **३९** | **उच्च** |
| ६ | ६ | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | **४०** | **उच्च** |
| ३८ अंकभन्दा माथी उच्च संकटासन्नता, २४ देखि ३८ अंकभार मध्यम संकटासन्नता र २३ भन्दा तलअंकभार न्यून संकटासन्नता | | | | | | | | | | | | | | | | |

## पूर्वसूचना प्रणाली :

यो क्षमताहरुको संगालो हो जसले विपदको जोखिममा रहेका समुदायका लागी समयमै सूचना दिन र समयमै उचित तथा प्रयाप्त जोखिम न्यूनीकरणका कार्यहरु गर्न मद्धत गर्दछ त्यसलाई पूर्वसूचना प्रणाली भनिन्छ जसले मानविय क्षति शून्यमा झार्न, नगद तथा बहुमूल्य जिन्सी सामाग्रीहरु जोगाउन, बहुमुल्य कागजातहरु जोगाउन, प्रकोपसंग जुझनकालागि तयार रहन र प्रकोप पछिको लगानी गर्न मदछ पुऱ्याउदछ ।

नरैनापुर गाउंपालिकाका जोखिम समुदायहरुको पूर्वसूचनालागि पश्चिम राप्तीकोकुसुम स्थित नदीमा जडान गरिएको गेज स्टेशनले ठुलो टेवा पुऱ्याएको छ। कुसुम स्थित गेजस्टेशनमा यस समुदायकालागि चेतावनीको तह ६ मिटर र खतराको तह ७.८ मिटर रहेको छ भने देखि कुसुमदेखि नरैनापुरको जोखिम बस्तीसम्म बाढी पुग्न वर्षा अनुसार औसत ५ देखि ६घण्टा समय लिन्छ । सो समयभनेको समुदायहरुलाई सुरक्षित आश्रय स्थल पुग्नकोलागि प्रयाप्त समय हो ।

पानीको सतहबारे जानकारी पाउंन सामुदाय स्वयले ११५५ मा फोन गरेर वा http://www.hydrology.gov.np, narainapurmun.bipadportal.gov.np, Leoc narainapur facebook page मार्फत तथा स्थानीय र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा सिधै सम्पर्क गरी बाढीको अवस्था सम्बन्धी सूचना प्राप्तगर्न सक्नेछन।

## साइरन जडान गरिएको ठेगाना :

| क्र.स. | उपकरणको नाम | ठेगाना | वडा नं. | गाँउ/टोल | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|
| १ | साइरन | नरैनापुर गाँउपालिका | ५ | मटेहिया | वडा अध्यक्ष ज्युको घरमा |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | साइरन | नरैनापुर गाँउपालिका | ५ | भगवानपुर | उपाध्यक्ष ज्युको घरमा |
| ३ | साइरन | नरैनापुर गाँउपालिका | ६ | गँगापुर | रेडक्रसको भवनमा |
| ४ | साइरन | नरैनापुर गाँउपालिका | ६ | सोनवर्षा | भोला मौर्यको घरमा |
| ५ | वर्षा मापन केन्द्र | नरैनापुर गाँउपालिका | ६ | दोन्द्रा | |

## आपतकालिन सेवाका सवारी साधनको विवरण

| क्र.सं. | संचालन गरिएको निकाय | पद वा जिम्मेवारी | सम्पर्क नम्वर | सवारी साधनको नाम |
|---|---|---|---|---|
| १ | नरैनापुर गाँउपालिका | नन्दलाल सोनखर<br>जलाल खाँ | ९८६६९२८६७७<br>९८६३१६१८४४ | दमकल |
| २ | नरैनापुर गाँउपालिका | रन्जीत खाँ | ९८६६२३७५६० | एम्वुलेन्स |
| ३ | नरैनापुर गाँउपालिका प्राथमिक स्वास्थ्य केन्द्र लक्ष्मणपुर | निसार खाँ | ९८४८३१९८२६ | एम्वुलेन्स |
| ४ | नरैनापुर गाँउपालिका | इसरार खाँ | ९८६६०८५५२९ | डोजर |
| ५ | नरैनापुर गाँउपालिका | राजु मुकेरी | ९८४९३१४०३५ | बस |

## खोज उद्दार तथा राहत विवरण

| 1 | घरमुलीको नाम | जिल्ला | पालिका | वाड नं | घटना भएको स्थान | घटना भएको मिति | | विपद् | मृत्यू | | | हराएको | प्रभावित परिवार | अन्दाज क्षति (रु) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2 | | | | | | महिना | गते | | पुरुष | महिला | जम्मा | | | |
| 3 | श्यामलाल यादव | बाँके | नरैनापुर | ५ | मटेहिया | श्रावण | १८ | भारी वर्षा | ० | ० | ० | ० | ९ | ५० |
| 4 | राम प्रसाद कुम्हार | बाँके | नरैनापुर गाउँपालिका | ५ | मटेहिया | श्रावण | १८ | भारी वर्षा | ० | ० | ० | ० | २ | ३० |
| 5 | सरिता बुढाथोकी | बाँके | नरैनापुर गाउँपालिका | ५ | मोतीपुर | भाद्र | ३० | भारी वर्षा | ० | ० | ० | ० | ४ | ५० |
| 6 | आसाराम धोबी | बाँके | नरैनापुर गाउँपालिका | ६ | जमुनी | कार्तिक | ९ | आगलागी | ० | ० | ० | ० | ५ | २५ |
| 7 | सालिक राम धोबी | बाँके | नरैनापुर गाउँपालिका | ६ | जमुनी | कार्तिक | ९ | आगलागी | ० | ० | ० | ० | ३ | ४५ |
| 8 | जगतराम धोबी | बाँके | नरैनापुर गाउँपालिका | ६ | जमुनी | कार्तिक | ९ | आगलागी | ० | ० | ० | ० | ४ | ३४ |
| 9 | राम सवारे धोबी | बाँके | नरैनापुर गाउँपालिका | ६ | जमुनी | कार्तिक | ९ | आगलागी | ० | ० | ० | ० | ६ | ५६ |
| 10 | सेमा धोबी | बाँके | नरैनापुर गाउँपालिका | ६ | जमुनी | कार्तिक | ९ | आगलागी | ० | ० | ० | ० | ४ | ३४ |
| 11 | | | | | | | | | | | | | | |
| 12 | | | | | | | | | | | | | | |

नरैनापुर गाउँपालिकाको वडा नं.१ देखि ६ सम्म का विभिन्न टोलहरूमा भारी वर्षा र आगलागी बाट प्रभावित भएका व्यक्तिहरूलाई वडा कार्यालयको सिफारिस पत्र, नेपाल प्रहरीको घटना स्थलको सर्जमिन मुचुल्का तथा सो सम्बन्धित कागजात तथा घटना स्थलको फोटोको आधारमा विपद कोष सचिवालय समितिको निर्णय बमोजिम पुर्ण क्षति तथा आंशिक क्षति भएका घर परिवारहरूलाई बैंक मार्फत माथि उल्लेखित घरपरिवारहरूलाई राहत रकम उपलब्ध गराइएको छ ।

# विपद् व्यवस्थापन शाखामा भएका कामहरू

क) भारी वर्षा तथा आगलागी बाट आंशिक तथा पुर्णक्षति भएका घरपरिवारहरूलाई राहत रकम सहयोग गरिएको

ख) विपद प्रतिकार्यका लागि जनशक्ति परिचालन गरिएको ।

घ) बाढीको पूर्व सुचना तथा चेतावनी सम्बन्धि जानकारी जोखिम क्षेत्रमा बसोवास गर्ने समुदायहरूलाई जानकारी गराइएको ।

ङ) जल तथा मौसम पूर्वानुमान महाशाखा बाट सुचना तथा जानकारीहरू लिने तथा सोको विश्लेषण गरी सामाजिक संजाल (whatsaap group, Leoc facebook page, sirun) बाट सुचनाको प्रवाह

च) विपद व्यवस्थापन शाखाको समन्वयमा रेन प्रोजेक्टको सहयोगमा पालिका, स्थानिय संघ संस्था तथा सामुदायिक विपद व्यवस्थापन समितिका सदस्यहरू लाई पूर्व सुचना प्रणालीको बारेमा ५ दिने तालिम

छ) विपद पोर्टलमा सम्पर्क व्यक्ति तथा कार्यविधि जस्ता विवरणहरू आद्यावधिक गरिएको ।

ज) विपद व्यवस्थापन शाखाको पहलमा सप्रोस नेपाल र युनिसेफ बाट स्थानिय आपत्तकालिन कार्य सन्चालन केन्द्रलाई थप व्यवस्थित र प्रभावकारीरूपमा सन्चालन गर्न करिब ४ लाख बराबरको सामान प्राप्त भएको ।

झ) विपद प्रतिकार्यका लागि २० जना स्वंयसेवकलाई पूर्व सुचना तथा प्रतिकार्य तालिम प्रदान गरिएको ।

ञ) एल इ ओ सी व्यवस्थापन गरी २४ घण्टा सन्चालन गर्न व्यवस्थापन मिलाइएको

ट) जिल्ला विपद व्यवस्थापन समितिको बैठक तथा जिल्ला विपद व्यवस्थापन अन्तरक्रिया कार्यक्रममा मा सहभागी तथा जानकारी आदान प्रदान

ठ) स्थानिय विपद कलष्टर, संघ संस्था, जिल्ला आपत्तकालिन कार्य सन्चालन केन्द्र सँग समन्वय तथा सहकार्य गरी विपद व्यवस्थापनको कार्यमा सहयोग भएको

ड) १ पटक विपद व्यवस्थापन समितिको बैठक भएको तथा जयरामपुर्वा गाउँको उत्तर तर्फ रहेको तटबन्धमा माटो पटान गरी बाँध बाधिएको ।

ढ) बाढी आएको समयमा दोन्द्रा खोलामा फसेका १ जना मानिसलाई नेपाल प्रहरी र शसस्त्र प्रहरीको संयुक्त प्रयासमा उद्दार गरिएको ।

## **५) जोखिम आँकलन सम्बन्धि विवरण :**

क) विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन गर्न निम्न बमोजिमका कार्यविधि तथा संस्थागत संरचना निर्माण गरिएको छ ।

# कानुनी नितिगत तथा संस्थागत व्यवस्था

## कानुनी तथा नितीगत व्यवस्था

- स्थानीय सरकार सञ्चालन ऐन,, २०७४
- विपद जोखिम न्य’नीकरण तथा व्यवस्थापन ऐन, २०७५
- नरैनापुर गाउँपालिका आपतकालिन कार्यसन्चालन केन्द्र कार्यसञ्चालन विधि २०७९
- स्थानिय विपद व्यवस्थापन कोष संचालन तथा ब्यवस्थापन कार्यविधि, २०७९
- शीतलहर पुर्वकार्य कार्ययोजना, २०७९
- बाढी पुर्व कार्य योजना, २०८०
- विपद् पोर्टल संचालन तथा व्यवस्थापन कार्यबिधि, २०७९
- मानवीय सहायतार्थ नगद सहयता (सन्चालन) कार्यबिधि, २०८०
- पालिका स्तरिय विपद् तथा जलवायू उत्थानशिल योजना निर्माण गरिएको छ ।

## संस्थागत व्यवस्था

- बन वातावरण तथा विपद् व्यवस्थापन शाखा स्थापना,
- स्थानिय विपद व्यवस्थापन समिति गठन
- वडा स्तरिय विपद व्यवस्थापन समिति गठन
- स्थानिय आपत्तकालिन कार्य संचालन केन्द्रको स्थापना
- विपद् व्यवस्थापन कोष स्थापना,
- दमकलको व्यवस्था
- एमब’लेन्सको व्यवस्था
- स्वंमसेवक दल
- साम’दायिक विपद व्यवस्थापन समिती

---

## विपद जोखिम न्युनीकरणका लागि भएका प्रयास

गाउँपालिकाले आगलागी बाट हुने घटनाहरूका लाागि वडा नं.१ देखि ६ सम्मका सबै फुसको छाना घरलाई फुस रहित बनाउने र राप्ती जलाधारको आसपास गाउँहरूमा बाढीको उच्च जोखिम क्षेत्रमा पुर्व सुचना प्रमाणी संचार संयन्त्र साइरन जडान भएको र  अन्य वडाहरूमा साइरन जडान गर्ने योजना बजेट तथा निति कार्यक्रममा समावेश गरिएको छ । साथै विपद्को क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थाहरू सँग समन्वय गरी अघि बढेको छ ।

यस नरैनापुर गाउँपालिकामा राप्ती नदी जलाधारको उच्च जोखिममा रहेको वडा नं.५ र ६ रहेको छ । साथै वडा नं.१, २, ३, ४ मा रहेका खहरे खोलाहरूको पानी भारतको बाँधले गर्दा पानीको निकास हुन नसकी उक्त पानी वडाका वस्तीहरूमा पसी डुबान हुन गई बस्तीहरू प्रभावित भइरहेको अवस्था छ ।  र पालिकाको वडा नं.१ देखि वडा न६ सम्म घना बस्ती तथा अधिकांश घरहरू फुसको छानो भएकोले गर्दा गर्मीयाममा आगो लाग्ने समस्या देखिएकोले फुस मुक्त घर बनाई विपद जोखिम न्युनीकरण गर्न सकिन्छ ।

## विषयगत क्षेत्रहरू तथा जिम्मेवार निकाय :

गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि विभिन्न ७ वटा विषयगतक्षेत्रहरू निर्धारण गरी कार्य बिभाजन गरेको छ ।

**(क) सूचना, खोज तथा उद्धार :**

यस विषयगतक्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वानुमान प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकापको कारण समस्यामा परिरहेका वा घाईतेलाई स्थानीय दक्ष जनशक्ति तथा सघ,प्रदेशका सुरक्षा निकायको समन्वयमा उद्धार गर्ने, हराएकाहरुको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखतको लागि प्रवन्ध मिलाउने, पिडितहरूलाई राहत रकम वितरण गर्ने आदि जिम्मेवारी निर्वाह

गर्नुपर्दछ ।

**(ख) खाद्य :**

यस विषयगतक्षेत्रले विपद्को अवस्थामा पिडितहरुलाई तत्काल तयारी खानेकुराहरु,विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्रीहरु उपलब्ध गराउने र कृषिक्षेत्रमा भएको क्षति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउने आदि जिम्मेवारी निर्वाह गर्नुपर्दछ ।

**(ग) स्वास्थ्य तथा पोषण :**

यस विषयगत क्षेत्रले विपद्मा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने,महामारी हुनबाट बचाउने विधिहरु अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएमा विरामीलाई अस्पताल सम्म पुर्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, बालबालिकामा पोषणको कमि भएमा हुनसक्ने समयस्या बारे पिडित र सरोकारवालालाई सचेत गर्ने आदि जिम्मेवारी निर्वाह गनुर्पदछ ।

**(घ) खानेपानी तथा सरसफाई:**

यस विषयगत क्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति, प्रकोपको कारण ढलेका बोटबिरुवाहरु हटाउने, विपद्मा सिर्जना भएको फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरुको व्यवस्थापन गर्ने,व्यक्तिगत सरसफाइको लागि स्वच्छता सम्बन्धी सरसामानहरू (जस्तैः हाइजिन किट) उपलब्ध गर्ने आदि जिम्मेवारी निर्वाह गर्नुपर्दछ ।

**(ङ) आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री :**

यस विषयगतक्षेत्रले विपद्को कारण घरमा क्षति पुगि बस्न नसक्ने अवस्थाकापिडितहरूलाई आपत्कालीन आश्रय वा वासको लागि अस्थायी संरचना निर्माण गर्ने,पिडितहरूलाई गैर-खाद्य सामग्रीहरु वितरण आदि जिम्मेवारी निर्वाह गर्नुपर्दछ ।

**(च) संरक्षण तथा सामाजिक सुरक्षा :**

यस विषयगतक्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरु, बृद्धबृद्धाहरुलाई संरक्षण गर्ने, उनीहरुलाई आवश्यकता बमोजिमका सरसामानहरू (जस्तैः डिग्निटी किट) उपलब्ध गर्ने, घरपरिवारका सदस्य गुमाएकाहरू मनोसामाजिक परामर्श सेवा दिने, हिंसामुक्त वातावरण सिर्जना गर्ने आदि जिम्मेवारी निर्वाह गर्नुपर्दछ ।

**(छ) आपत्कालीन शिक्षा :**

यस विषयगतक्षेत्रले विपद्को कारण यदि विद्यालय ७ दिन भन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई आपतकालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीका पठनपाठनका शैक्षिक सामग्री हराएमा सो को व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पुनः व्यवस्था गर्ने आदि जिम्मेवारी निर्वाह गर्नुपर्दछ ।

## विषयगत क्षेत्र अन्तर्गतका सरोकारवाला निकाय तथा संस्थाहरूकोविवरण

**(क) समग्र व्यवस्थापन, सूचना, खोज तथाउद्धार**

| क्र.सं. | नम | पद | निकाय | सम्पर्कनम्वर |
|---|---|---|---|---|
| १ | बिनोद कुमार चौधरी | सयोजक | प्रशासन योजना तथा अनुगमन शाखा | ९८४८१७८३२३ |
| २ | बच्छराज बिश्वकर्मा | सदस्य | LEOC शाखा | ९८६८६५९५५० |
| ३ | सालिक रामशाहु | सदस्य | नेपाल रेडक्रस सोसाइटी | ९८६८१७९४१७ |
| ४ | राजेन्द्र रायमाझी | सदस्य | इलाका प्रहरी प्रमुख | ९८५८०९०६०४ |
| ५ | विनय प्रकाशदिक्षित | सदस्य | पत्रकार | ९८५८०२४१३४ |
| ७ | दिपक चन्द | सदस्य | सशस्त्र प्रहरी वलविओपि | ९८४९५१६९९६/९८५८०७३०९९ |

| | | | | |
|---|---|---|---|---|
| ८ | लक्ष्मी कान्तमिश्रा | सदस्य | पालिका फोकलपर्सन | ९८६८२५००३१ |

(ख) खाद्य तथा कृषि

| क्र.सं. | नम | प्द | निकाय | सम्पर्कनम्वर |
|---|---|---|---|---|
| १ | सदन भण्डारी | सयोजक | कृषि शाखा | ९८५२६६०६४८ |
| २ | जगतराम यादव | सदस्य | पशु सेवा शाखा | |
| ३ | घनश्याम थारु | सदस्य | कृषि शाखा | |
| ४ | महेश कुमारमौर्य | सदस्य | भेटनरी | |
| ५ | सालिक रामशाहु | सदस्य | नेपाल रेडक्रस सोसाइटी | ९८६८१७९४१७ |

**(ग) स्वास्थ्य तथा पोषण**

| क्र.सं. | नम | पद | निकाय | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | नगेन्द्र कुमार शाह | सयोजक | स्वास्थ्य शाखा | ९८४४४२३२३१ |
| २ | कृष्णकुमारी चन्द | सदस्य | महिला तथा बालवालिका शाखा | ९८६६८४८२६६ |
| ३ | सालिक रामशाहु | सदस्य | नेपाल रेडक्रस सोसाइटी | ९८६८१७९४१७ |

(घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन

| क्र.सं. | नम | पद | निकाय | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | कृष्णकुमारीचन्द | सयोजक | सामाजिक विकास शाखा | ९८६६८४८२६६ |
| २ | बिनोद कुमार चौधरी | सयोजक | प्रशासन योजना तथा अनुगमन शाखा | ९८४८१७८३२३ |
| ३ | असफाक खाँ | सदस्य | खानेपानी उपभोक्ता महासघ | ९८२४५१४००७ |
| ४ | सालिक रामशाहु | सदस्य | नेपाल रेडक्रस सोसाइटीउपशाखा | ९८६८१७९४१७ |
| ५ | कृष्णकुमारीचन्द | सयोजक | सामाजिक विकास शाखा | ९८६६८४८२६६ |
| ६ | कृष्ण कुमारथारु | सदस्य | शिक्षा शाखा | ९८६८६५८९३० |

**(ङ) आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री**

| क्र.सं. | नम | पद | निकाय | सम्पर्कनम्वर |
|---|---|---|---|---|
| १ | प्रदिप कुमार यादव | सयोजक | पुर्वाधार शाखा | ९८४७४७५६५४ |
| २ | सलिकराम शाहु | सयोजक | नेपालरेडक्रस सोसाईटी उपशाखा | ९८६८१७९४१७ |
| ३ | विनय प्रकाशदिक्षित | सदस्य | पत्रकार | ९८५८०२४१३४ |
| ५ | राजेन्द्र रायमाझी | सदस्य | इलाका प्रहरी प्रमुख | ९८५८०९०६०४ |

(च) **संरक्षण तथा सामाजिक सुरक्षा सुरक्षा**

| **क.सं ◆** | **निकाय** | **पद** | **नामवली** | **सम्पर्कनम्वर** |
|---|---|---|---|---|
| १ | महिला विकास शाखा | संयोजक | कृष्ण कु.चन्द | ९८६६८४८२६६ |
| २ | नेपाल रेडक्रस सोसाइटी | सदस्य | सालिक राम शाहु | ९८६८१७९४१७ |
| ३ | महिला सञ्जाल | सदस्य | | |

(ज) **आपत्कालीन शिक्षा**

| **क.सं.** | **नम** | **प्द** | **निकाय** | **सम्पर्कनम्वर** |
|---|---|---|---|---|
| १ | कृष्ण कुमारथारु | संयोजक | शिक्षाशाखा | ९८६८६५८९३० |
| २ | सालिक रामशाहु | सदस्य | नेपाल रेडक्रस सोसाईटी | ९८६८१७९४१७ |

## बाढीको जोखिममा रहेका गाउँ तथा सुरक्षित स्थानहरू

| **वडा न** | **संकटासन्न बस्ती** | **सुरक्षित स्थान** |
|---|---|---|
| १ | सुइया, बानीयागाउँ र महतनिया | महतिनिया स्कुल। |
| २ | मियापूर्वा, बेउचवा, लक्षमणपुर र रोशनपूर्वा | प्राथमिक स्वास्थ्य केन्द्र लक्ष्मणपुर, खानेपानी भवन। |
| ३ | वहाउँपूर्वा, कोटिया, कोदि्पुर र रतेहिया | वडा कार्यालय, शंकर नगर स्कुल भवन तथा स्वाथ्य चौकीको भवन। |
| ४ | घोडदौरिया, नौसहरा, नरैनापुर र दौलतपुर | दलित निगरानी केन्द्र तथा सामुदायिक भवन , गाउँपालिकाको निर्माणधिन प्रशासकिय भवन। |
| ५ | मटेहिया गाउँको केही घर, भगवानपुर र निवाजीगाउँ | महेन्द्र मा.वि.स्कुल र मोतीपुर स्कुल। |
| ६ | सोनवर्षा, कुदरबेटवा, गंगापुर, भोजपुर | जय किसान मावि (सेल्टर हाउस) तथा (टेपरा सेल्टर हाउस), सोनवर्षा स्कुल , सशस्त्र वेस क्याम्प गंगापुर। |

## ७) विपद् व्यवस्थापन प्रयोजनका लागि पहिचान भएका खुल्ला क्षेत्रहरू

| क्रस | वडा नं. | खुल्ला क्षेत्र |
|---|---|---|
| १ | १ | बनियागाउँ, महतिनिया, सुइयाँ,कटकुइयाँ, विर्ता, मझरेटी |
| २ | २ | रोशनपुर्वा, बेउचहवा, मियाँपुर्वा, लक्ष्मणपुर, गंगापुर |
| ३ | ३ | बहाउपुर्वा, कोटिया,पँचपेडवा,गेगली,बालापुर,जनतापुर,रतैहिया |
| ४ | ४ | घोडदौरिया,नरैनापुर,खोदावाँ,जयरापुर्वा |
| ५ | ५ | भगवानपुर,मटेहिया,नेवाजीगाउँ,भगवानपुर |
| ६ | ६ | सोनवर्षा,कुदरबेटवा,दोदरा,रामपुर, भोजपुर |

## ८) वडा स्तरिय विपद व्यवस्थापन समितिका संयोजक

| क्रस | वडा कार्यालय। सघंसंस्था | विपद् सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | १ नं.वडा कार्यालय | इसाक जोलाह | ९८५८०८६४५६ |
| २ | २ नं.वडा कार्यालय | मसुद अहमद शाह | ९८५८०४४१७७ |
| ३ | ३ नं.वडा कार्यालय | अजय कुमार मिश्रा | ९८४४८९३३५८ |
| ४ | ४ नं.वडा कार्यालय | मनोज कुमार शर्मा | ९८४०१९१५४७ |
| ५ | ५ नं.वडा कार्यालय | कृष्ण चन्द्र मौर्य | ९८५८०३७५५५ |
| ६ | ६ नं.वडा कार्यालय | प्रेम चन्द्र मौर्य | ९८५८०३०९८७ |

## ९) विपद् व्यवस्थान प्रयोजनका लागि पालिकाले छुट्याएको कोषको विवरण

| क्रस | स्थानिय तहको नाम | विपद् व्यवस्थापन कोषमा रहेको रकम | विपद् व्यवस्थान कार्यका लागि छुट्याइएको रकम |
|---|---|---|---|
| १ | नरैनापुर गा पा | ४० लाख | १ लाख |

## १०) विपद् व्यवस्थापन प्रयोजनका लागि उपलब्ध सामग्रीहरूको विवरण

| क्रस | सामानको नाम | मौज्दात | | कैफियत |
|---|---|---|---|---|
| | | इकाइ | परिमाण | |
| 1 | fire extinguisher | psc | 3 | |
| 2 | plastic helmet | psc | 10 | |
| 3 | tripal | psc | 72 | |
| 4 | life jacket | psc | 25 | |
| 5 | Rubber gamboot | psc | 13 | |
| 6 | fire boll | psc | 4 | |
| 7 | life boy Ring | psc | 3 | |
| 8 | Throw bag | psc | 4 | |
| 9 | Hand operated sirun | psc | 2 | |
| 10 | folding stecher | psc | 2 | |
| 11 | fist Aid bag | psc | 2 | |
| 12 | Mega fone | psc | 2 | |
| 13 | plastic rope | psc | 4 | |
| 14 | plastic bucket | psc | 1 | |
| 15 | Steel bucket | psc | 4 | |
| 16 | plastic mug | psc | 10 | |
| 17 | spade | psc | 2 | |
| 18 | shovel | psc | 3 | |
| 19 | torch | psc | 2 | |
| | | | | |

## ११) विपद् व्यवस्थापन प्रयोजनका लागि उपलब्ध जनशक्तिको विवरण

| क्रस | स्थानिय तह | खोज, उद्धार तथा राहतका लागि उपलब्ध जनशक्ति |
|---|---|---|
| १ | नरैनापुर | दमकल स्टाफ ५ जना |
| २ | नेपाल रेडक्रस सोसाइटी उपशाखा गंगापुर | खोज, उद्धार सम्बन्धि तालिम प्राप्त १५ जना, |
| ३ | नेपाल पुलीस, | सबै इकाइहरूमा उपलब्ध जनशक्ती |
| ४ | शसस्त्र प्रहरी | शसस्त्र प्रहरी र समुदायमा गठित समुह प्रत्येक वडामा ३० जना |
| ५ | सामुदायिक वि.व्य.स. | सबै वडामा |

## १२) ऐम्बुलेन्सको विवरण

| **क्रस** | **ऐम्बुलेन्स सन्चालन गर्ने संस्था** | **ऐम्बुलेन्स रहेको स्थान** | **संस्थाको सम्पर्क नं.** | **ऐम्बुलेन्स चालकको नाम** | **ऐम्बुलेन्स चालकको सम्पर्क नं.** |
|---|---|---|---|---|---|
| १ | नरैनापुर गा पा | वडा नं.४ | | रन्जीत खाँ | ९८६६२३७५६० |
| २ | लक्ष्मणपुर प्रा स्वा. केन्द्र | वडा न२ | | निसार खाँ | ९८४८३१९८२६ |

१३) गाउँपालिका भित्र रहेका निजी जि सी बी सम्बन्धि विवरण

| **क्रस** | **व्यक्ति,संस्था, आयोजनाको नाम** | **रहेको स्थान** | **निर्माण कम्पनी** | **सम्पर्क नं.** | **उपलब्ध निर्माण उपकरण** |
|---|---|---|---|---|---|
| १ | गा पा | वडा नं.४ | गा पा नरैनापुर | | हाल विग्रीएको |
| २ | कमसर खाँ | वडा नं.५ | शैयद गाजी फत्ते | ९८६८०३६९५३ | १ जीसीबी |
| ३ | सरीफ खाँ | वडा नं.१ | | ९८६१११०००९ | १ जीसीबी |
| ४ | इसाक खाँ | वडा नं.१ | | ९८५८०८६४५६ | १ जीसीबी |

तयार गर्ने | रूजु गर्ने | प्रमाणित गर्ने

.................................. | ..................................... | ...................................

नाम : बच्छराज विश्वकर्मा
पद : प्रमुख सम्पर्क व्यक्ति

नाम : विनोद चौधरी
पद : विपद शाखा प्रमुख

नाम : नवराज वली
पद : प्रमुख प्रशासकीय अधिकृत